# आकाशवाणी समाचार- नेपाली

मितिः १८ मार्च २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले भारत र न्युजिल्यान्डबीचको सम्बन्ध लोकतन्त्र, विधिको शासन र जनता–जनताबीचको बलियो सम्बन्धमा आधारित रहेको बताउनु भयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदी र न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले संयुक्त रुपमा रायसिना डायलग २०२५ को उद्घाटन गर्नुभयो।

३. केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले प्रधानमन्त्री इन्टर्नशिप योजनाका लागि समर्पित मोबाइल एपको शुभारम्भ गर्नुभयो।

४. छत्तीसगढको बीजापुर जिल्लामा १९ जना माओवादीले आत्मसमर्पण गरेका छन्।

५. रुसले राष्ट्रपति व्लादिमीर पुतिन र अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प बीच वार्ता हुने पुष्टि भएको छ।

**राष्ट्रपति-न्यूजीलैंड प्रधानमंत्री**

राष्ट्रपति द्रौपदी मुर्मूले भारत र न्युजिल्यान्डबीच घनिष्ठ मैत्रीपूर्ण सम्बन्ध रहेको बताउनु भएको छ भने दुई देशबीचको सम्बन्ध लोकतन्त्र, विधिको शासन र जनता–जनताबीचको बलियो सम्बन्धमा आधारित साझा मूल्यमान्यतामा आधारित रहेको उल्लेख गर्नुभयो। न्यूजिल्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनलाई आज राष्ट्रपति भवनमा स्वागत गर्दै राष्ट्रपतिले शैक्षिक आदानप्रदान भारत–न्युजिल्यान्ड सम्बन्धको महत्वपूर्ण पक्ष भएको बताउनु भयो।उहाँले संस्थागत आदानप्रदान, भारतमा न्युजिल्याण्ड विश्वविद्यालय क्याम्पसको स्थापना र दुई देशबीच शैक्षिक सहयोग बढाउने अथाह सम्भावनाबारे प्रकाश पार्नुभयो। राष्ट्रपति मुर्मूले भारत र न्युजिल्याण्डबीच द्विपक्षीय व्यापार र आर्थिक सम्बन्धको वृद्धिमा सन्तुष्टि व्यक्त गर्नुभयो भने यसले भन्सार, बागवानी, वन, अपदा व्यवस्थापन र परम्परागत चिकित्साको क्षेत्रमा सहयोगका लागि नयाँ अवसरहरू पनि प्रदान गर्दछ।

****** ० ******

**प्रधानमंत्री-रायसीना डायलॉग**

प्रधानमन्त्री नरेन्द्र मोदी र न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले संयुक्त रुपमा रायसिना डायलग २०२५ को उद्घाटन गर्नुभयो। आफ्नो मुख्य सम्बोधनमा श्री लक्सनले भारत र न्युजिल्याण्ड विश्वको सबैभन्दा आर्थिक रूपले गतिशील क्षेत्रको हिस्सा हुन पाउनु भाग्यमानी भएको बताउनु भयो भने हिंद-प्रशांत क्षेत्रले आगामी वर्षहरूमा विश्वव्यापी आर्थिक वृद्धिको दुई तिहाइ हिस्सा ओगट्नेछ र सन् २०३० सम्ममा विश्वका मध्यमवर्गीय उपभोक्ताहरूको दुई तिहाइ हिस्सा ओगट्ने उल्लेख गर्नुभयो। यस वर्षको 'रायसीना संवाद' को नारा 'कालचक्र– जनता, शान्ति र ग्रह' रहेको छ। सम्मेलनमा विश्वभरका निर्णयकर्ता तथा चिन्तकहरुले विभिन्न ढाँचामा ६ वटा विषयगत स्तम्भहरुमा अन्तरक्रिया गर्नेछन भने सम्मेलनमा विश्वका १२५ देशका प्रतिनिधिको सहभागिता रहेको छ। जसमा मन्त्रीहरू, पूर्व राष्ट्रप्रमुखहरू र सरकार प्रमुखहरू, सैन्य कमान्डरहरू, उद्योगका प्रतिनिधिहरू, टेक्नोलोजी नेताहरू, शिक्षाविद्हरू, पत्रकारहरू, रणनीतिक मामिलाका विद्वानहरू, विचारक नेताहरू र युवाहरू समावेश छन्।

****** ० ******

**प्रधानमंत्री-ट्रुथ सोशल**

प्रधानमन्त्री नरेन्द्र मोदी सोसल मिडिया प्लेटफर्म ट्रुथ सोसलमा जोडिनु भएको छ। यसको उपयोग अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रयोग गर्छन् । श्री मोदीले भन्नुभयो, "म ट्रुथ सोसलमा हुन पाएकोमा खुसी छु तथा यस प्लेटफर्ममा सबै उत्साहीहरूसँग अन्तरक्रिया गर्न र आगामी दिनमा अर्थपूर्ण कुराकानीमा संलग्न हुन उत्सुक छन्। अर्को पोस्टमा मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई ट्रुथ सोसलमा आफ्नो पोडकास्ट सेयर गरेकोमा धन्यवाद दिनुभयो । यसका साथै उहाँले यसको माध्यमबाट आफ्नो जीवन यात्रा, भारतको सभ्यतागत दृष्टिकोण, विश्वव्यापी मुद्दा र अन्य थुप्रै विषयलाई समेटेको बताउनु भयो ।

****** ० ******

**वैष्णव राज्यसभा रेल**

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले रेल पूर्वाधार सुधार गर्न र यात्रीहरूलाई आरामदायी र किफायती यात्रा प्रदान गर्न सरकारले कैयन कदम चालेको बताउनु भएको छ। उहाँले भन्नु भयो रेलवेले विगत 10 वर्षमा 5 लाख रोजगारी सिर्जना गरेको छ, देशमा रेल दुर्घटनाहरू कम गर्न पनि ध्यान केन्द्रित गरिएको छ। श्री वैष्णवले आज राज्यसभामा रेल मन्त्रालयको कामकाज बारे चर्चामा भाग लिँदै यी कुराहरु भन्नुभएको हो। श्री वैष्णवले जोड दिँदै भन्नुभयो 2020 देखि यात्री भाडामा कुनै वृद्धि भएको छैन र यो छिमेकी देशहरूको तुलनामा धेरै किफायती छ।

बाइट

उहाँले भन्नुभयो रेल मन्त्रालयले नयाँ रेलवे ट्र्याकहरू बिछ्याउने र पुरानो बदलिने काम गरिरहेको छ, यसले रेलहरूको सुरक्षामा धेरै सुधार आएको छ।उहाँले भन्नुभयो रेलवेले देशभरिका प्रमुख स्टेशनहरूमा 60 स्थायी होल्डिङ क्षेत्र स्थापित गरेर पीक सीजनमा भीड नियन्त्रित गर्ने काम गरिरहेको छ। उहाँले महाकुम्भको बेला 23 स्थायी पर्यटन स्थलहरू निर्माण गरिएको तथा 4 करोड 50 लाखभन्दा बढी यात्रीहरूले यात्रा गरेका जानकारी दिनु भयो।

****** ० ******

**वाणिज्य-जितिन प्रसाद**

वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले आफ्नो पारदर्शी नीति, जीवन्त लोकतन्त्र र लामो समयदेखिको सम्बन्धका कारण भारत युरोपेली संघका अधिकांश मुलुकका लागि विश्वासिलो साझेदार भएको बताउनु भएको छ । नयाँ दिल्लीमा आयोजित भारत-यूरोप व्यापार आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै श्री प्रसादले भन्नुभयो, "यो आदानप्रदानले भारत र युरोपेली संघबीच अझ बढी समन्वयका लागि मार्ग प्रशस्त गर्नेछ । यसले व्यापार, लगानी र रणनीतिक सहयोगका लागि धेरै नयाँ मार्गहरू खोल्नेछ।

****** ० ******

**वित्त मंत्री - पीएमआईएस ऐप**

केन्द्रीय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री इन्टर्नशिप योजनाका लागि समर्पित मोबाइल एपको शुभारम्भ गर्नुभयो। यसमा एक सहज इन्टरफेस, सहज डिजाइन र सरल नेभिगेसन छ जुन आधार फेस भेरिफिकेसनको माध्यमबाट सजिलै नामांकन गर्न सकिन्छ। यसमा नवीनतम अद्यावधिकहरूको बारेमा उम्मेदवारहरूलाई बराबर राख्न वास्तविक-समय अलर्ट सहित धेरै सुविधाहरू समावेश छन्। यसैबीच वित्त मंत्रीले रोजगारी, कौशल विकास र अवसर प्रवद्र्धनका लागि पाँच वटा योजनाको प्याकेज प्रस्तुत गर्ने प्रधानमन्त्रीको दूरदृष्टिको सराहना गर्नुभयो भने प्रधानमन्त्री इन्टर्नसिप योजनाले कक्षाकोठाको सिकाइ र उद्योगका अपेक्षाबीचको खाडल पुर्ने र युवाको रोजगारी बढाउने क्षमता रहेको बताउनु भयो ।

****** ० ******

**राजनाथ तुलसी गबार्ड**

रक्षा मन्त्री राजनाथ सिंहले नयाँ दिल्लीमा अमेरिकाकी राष्ट्रीय खुफिया निदेशक तुलसी गबार्डसित बैठक गर्नुभयो। बैठकमा दुवै नेताहरूले सामरिक सुरक्षा लगायत दुई देश बीचको वैश्विक सामरिक सहयोग एक महत्त्वपूर्ण स्तम्भ हो भन्ने कुरामा जोड़ दिनु भयो। श्री राजनाथ सिंह र सुश्री गबार्डले भारत र अमरीका बीच सैन्य अभ्यास, सामरिक

सहयोग र सूचना- साझा गर्ने सहयोग जस्ता क्षेत्रहरुमा महत्वपूर्ण प्रगतिको समीक्षा गर्नुभयो। रक्षा मंत्रालयले बताए अनुसार दुवै नेताले अत्याधुनिक रक्षा नवाचार र विशिष्ट प्रौद्योगिकिमा सहयोगका अवसरहरु बारे पनि चर्चा गर्नुभयो।

****** ० ******

**छत्तीसगढ़ - माओवादी**

छत्तीसगढको बीजापुर जिल्लामा १९ जना माओवादीले आत्मसमर्पण गरेका छन् । जिला पुलिस अधीक्षक जितेन्द्रकुमार यादवका अनुसार पक्राउ परेका माओवादीलाई २९ लाख रुपैयाँ पुरस्कार घोषणा गरिएको छ । यी सबै माओवादीलाई राज्य सरकारको पुनर्वास नीतिअन्तर्गत पच्चीस-पच्चीस हजार रुपैयाँको प्रोत्साहन भत्ता दिइएको छ ।

**बाइट- एसपी**

यसैबीच, एक लाखको इनामी माओवादीले आज कोन्डागाउँ जिल्लामा पुलिससमक्ष आत्मसमर्पण गरेका छन् । यसबाहेक, सीआरपीएफ र जिल्ला पुलिस बलको संयुक्त टोलीले दन्तेवाडा जिल्लाको मलेवाही क्षेत्रमा खोजी अभियानको क्रममा ५ किलोग्राम तौलको आईईडी बरामद गरेको थियो, जसलाई पछि निष्क्रिय पारिएको थियो।

****** ० ******

**मणिपुर - कर्फ्यू**

मणिपुरको चुराचन्दपुर जिल्लामा हिजो विरोध प्रदर्शनका क्रममा दुई समुदायबीच झडप भएपछि कफ्र्यू लगाइएको छ । जिल्ला प्रशासनले कुनै पनि अप्रिय घटना हुन नदिन थप सुरक्षा उपाय अपनाएको छ भने शान्ति र साम्प्रदायिक सद्भाव कायम गर्न सुरक्षा निकाय र प्रशासनलाई सहयोग गर्न अपिल गरेको छ ।

****** ० ******

**महाराष्ट्र नागपुर हिंसा**

महाराष्ट्रको मध्य नागपुरको महल क्षेत्रमा दुई समूहबीच तनाव उत्पन्न भएको छ । त्यहाँ धार्मिक प्रतीकहरू तोडफोड गरेको भन्ने अफवाहका कारण दुई समूहबीच साम्प्रदायिक तनाव उत्पन्न भएको थियो। यसले गर्दा ढुङ्गामुढा भयो भने केही असामाजिक तत्वहरूले सवारी साधनहरूमा आगजनी गरे। यता दंगा नियन्त्रणका लागि खटिएको पुलिसले चिटनिस पार्क र महल क्षेत्रमा भीडलाई तितरबितर पार्न अश्रुग्यास र लाठीचार्ज गरेको थिए भने पुलिसको साइबर टोलीले सिसीटिभी फुटेजको आधारमा हिंसामा संलग्न करिब १५ जना असामाजिक तत्वलाई पक्राउ गर्न तलाशी अभियान पनि चलाएको थियो ।यसैबीच केन्द्रीय मन्त्री नितिन गडकरी र महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले अफवाहमा विश्वास नगर्न र शान्ति र सद्भाव कायम राख्न अपिल गर्नुभयो ।

****** ० ******

**पुतिन-ट्रम्प वार्ता**

रुसले राष्ट्रपति व्लादिमीर पुतिन र अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प बीच वार्ता हुनेको पुष्टि गरेको छ। रुसका राष्ट्रपतिका प्रवक्ता दिमित्री पेसकोवले वार्ताको तयारी पूरा भएको बताउनुभयो यदापी उहाँले यस वार्ताको विवरण दिन अस्वीकार गर्नुभयो। ट्रम्पले युक्रेनमा युद्ध समाप्त गर्ने आफ्नो प्रयास अंतर्गत वार्ताको घोषणा गर्नुभएको थियो।

****** ० ******

**नेपाल-सुशासन**

नेपालको प्रतिनिधिसभाले सुशासन अनि लोक सेवा वितरण २०८१ लाई बढ़ावा दिने संबंधित संशोधन गर्न बनेको विधेयक, बहुमतले पारित गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सो विधेयक संसदामा प्रस्तुत गरेका गर्नुभयो भने सरकारले सार्वजनिक प्रशासनलाई आम जनताको चाहनाअनुसार जवाफदेही र पारदर्शी बनाउन विधेयक ल्याएको बताउनु भयो । अधिनियममा समेटिएका विषयलाई नियम, निर्देशन र कार्यविधिमार्फत संशोधन गरिनेछ ।

****** ० ******